बैठक - ४१

आज मिति २०७७/०२/०६ गते साझ ५ वजे सरावल गाउँकार्यपालिकाको वैठक कार्यपालिका अध्यक्ष श्री राधेश्याम चौधरी ज्युको अध्यक्षतामा एवं तपशिल वमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | राधेश्याम चौधरी | अध्यक्ष | |
| २. | श्री उत्तमा कुमारी राय | उपाध्यक्ष | |
| ३. | भेषनारायण चौधरी | वडाध्यक्ष वार्ड १ | |
| ४. | शम्भु प्रसाद चौधरी | वडाध्यक्ष वार्ड २ | |
| ५. | अणेन्द्रनाथ राय | वडाध्यक्ष वार्ड ३ | |
| ६. | छोटेलाल यादव | वडाध्यक्ष वार्ड ४ | |
| ७. | दिनेश सहानी | वडाध्यक्ष वार्ड ५ | |
| ८. | कैलास यादव | वडाध्यक्ष वार्ड ६ | |
| ९. | हयात खाँ धुनिया | वडाध्यक्ष वार्ड ७ | |
| १०. | छिमादेबी चौधरी | सदस्य | |
| ११. | चन्दादेवी चौधरी | " | |
| १२. | जन्त्री केवटिन | " | |
| १३. | विन्दादेवी धोवी | " | |
| १४. | जोखु प्रसाद कहार | " | |
| १५. | श्री सुनिता हरिजन | " | |
| १६. | श्री बुध्द प्रकाश पौडेल | प्र.प्र.अ | |
| १७. | नारायण पाण्डेय | आमन्त्रित | |
| १८. | नरेश कोहार | " | |
| १९. | राजन वस्याल | " | |
| २०. | इन्द्रकान्त चान्द | | |
| २१. | | | |
| २२. | | | |

## प्रस्ताव एवं निर्णय

**प्रस्ताव नं. १ - सरावल-७ भुजहवा स्थित नेपाल भारत सिमामा निर्मित वोर्डर आउट पोष्ट (वि.ओ.पी) निर्माणमा खर्च भएको रकम अनुमोदन सम्वन्धमा ।**

**निर्णय नं. १ -** प्रस्ताव नं. १ उपर छलफल गर्दा सरावल गाउपालिका वार्ड नं. ७ स्थित नेपाल भारत सिमा क्षेत्रमा सशस्त्र प्रहरीको लागी स्थापना भएको वोर्डर आउट पोष्ट निर्माणमा यस कार्यालयवाट सो निर्माणमा आवश्यक पर्ने निर्माण सामाग्री उपलव्ध गराउने प्रतिवध्दता अनुरुप कार्य सम्पन्न गरी यस कार्यालयको प्राविधिक टोलीको मुल्यांकन समेत पेश गरिसकेको र सोको वास्तविक खर्च रु २९९१९९.९२ रहेको मुल्यांकन वमोजिमको रकमको विलभरपाई भुक्तानीको लागी सशस्त्र प्रहरीको तर्फवाट पेश भइसकेको व्यहोरा वैठकमा जानकारी गराईयो । यसरी सम्पन्न भएको कार्यको अनुगमन समितिवाट अनुगमन गरि/गराई खर्च अनुमोदन एवं भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २ - प्रोत्साहन भत्ता वितरण सम्वन्धमा**

**निर्णय नं. २ -** प्रस्ताव नं. २ उपर छलफल गर्दा कोरोना भाईरस रोकथाम नियन्त्रणको लागी खटिने कर्मचारीहरुलाई प्रोत्साहन भत्ता मापदण्ड-२०७६ वमोजिम प्रोत्साहन भत्ता प्राप्त गर्ने पदाधिकारी एवं कर्मचारीहरुलाई प्रोत्साहन भत्ता वितरण गर्ने निर्णय गरियो । सोको खर्च वार्षिक स्विकृत कार्यक्रमको शिर्षकवाट लेख्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ - क्वारेन्टाईन व्यवस्थापन सम्वन्धमा**

**निर्णय नं. ३ -** प्रस्ताव न . ३ उपर छलफल गर्दा विश्वभर महामारीको रुपमा फैलिईरहेको कोरोना भाईरस(कोभिड-१९)को संक्रमण हाल नेपालमा समेत तिव्र रुपमा फैलिदै गईरहेको र यसै सन्दर्भमा भारतमा रहदै आएका गाउपालिका वासीहरु आफ्नो घर फर्कने क्रम अत्याधिक देखिएको साथै हाल यस सरावल गाउपालिकावाट सञ्चालित ३ वटा क्वारेन्टिनमा यसरी आउने नागरिकहरु अट्न सक्ने नदेखिएकोले प्रत्येक वार्डमा कम्तिमा ५० शय्या क्षमताको क्वारेन्टिन स्थापना गर्ने निर्णय गरियो । सोको व्यवस्थापन समितिको रुपमा वडाध्यक्ष संयोजक र अन्य सदस्य रहने जसमध्ये वडाध्यक्षलाई स्विकृत कोरोना भाईरस रोकथाम नियन्त्रणमा खटिने कर्मचारी पदाधिकारीलाई प्रोत्साहन भत्ता वितरण कार्यविधी-२०७७ वमोजिम हुने एवं अन्य पदाधिकारीलाई रु १५० खाजाखर्च उपलव्ध गराउने निर्णय गरियो ।साथै स्वयंसेवक रुपमा स्थानिय राजनितिक दलका प्रतिनिधी, स्थानिय क्लव एवं समाजसेवीहरुलाई आवश्यकता अनुसार परिचालन गर्ने निर्णय गरियो ।

राधेश्याम चौधरी
अध्यक्ष

प्रस्ताव नं. ४ - रकमान्तर/संशोधन सम्वन्धमा

**निर्णय नं. ४ -** प्रस्ताव नं. ४ उपर छलफल गर्दा कोरोना भाईरस रोकथाम नियन्त्रणका लागी यस गाउपालिकाको तर्फवाट विभिन्न गतिविधी सञ्चालन भईरहेको र सोको लागी कोरोना रोकथाम उपचार कोष सञ्चालन भइरहेको सन्दर्भमा उक्त कोषमा रहेको रकम अपुग हुने देखिएकोले यस सरावल गाउपालिकाको वार्षिक स्विकृत कार्यक्रमको गा.पा तर्फ विनियोजित हालसम्म दायित्व सिर्जना भईनसकेको देहायको योजनाहरु संशोधन गरी कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोषमा देहायको शिर्षकमा रकमान्तर/संशोधन गर्ने(आगामी गाउसभावाट अनुमोदन गर्ने गरी) निर्णय गरियो । यसरी संशोधन गरिएको शिर्षक सम्वन्धमा आगामी गाउसभावाट अनुमोदन गराउने निर्णय गरियो ।

रकमान्तर संशोधन हुने योजनाहरुः-

| सि.नं. | योजना/कार्यक्रमको नाम | रकम |
|---|---|---|
| 1. | सामुदायिक विद्यालयमा छात्रामैत्री सेफ्टी प्याड डिस्पोजल शौचालय निर्माण(गत वर्षको निरन्तरता) | 1000000 |
| 2. | भैपरी आउने चालु खर्च | 200000 |
| 3. | संचार महसुल (ईन्टरनेट शुल्क समेत) | 300000 |
| 4. | महिला स्वस्थ्य स्वयंसेवकहरुलाई दिर्घकलिन सेवाको लागी सम्मानजनक विदाई(गत वर्षको समेत) | 200000 |
| 5. | पारिश्रमिक कर्मचारी | 3500000 |
| 6. | भैपरी आउने पुजिगत | 100000 |
| 7. | श्रम सिप र पहिचानसम्वन्धी तालिम | 500000 |
| 8. | कर्मचारी जनप्रतिनिधीको क्षमता विकास तालिम | 600000 |
| 9. | योग शिविर सञ्चालन कार्यक्रम | 200000 |
| 10. | अन्य भ्रमण खर्च सरुवा | 200000 |
| 11. | ईन्धन कार्यालय प्रयोजन | 300000 |
| 12. | भैपरी आउने चालु खर्च | 200000 |
| 13. | सभा सञ्चालन खर्च | 300000 |
| 14. | पत्रकार महासंघलाई क्षमता अभिवृध्दि तथा तालिम सञ्चालनको लागी अनुदान | 100000 |
| 15. | युवाहरुलाई मोवाईल मोवाईल टिभी फर्निचर मेसन सम्वन्धि तालिम ३ महिने | 500000 |
| 16. | जनता आवास कार्यक्रम | 1770000 |
| 17. | प्रत्येक मा.वि र निमाविहरुमा विज्ञान प्रयोगशाला संचालन व्यवस्थापन अनुदान | 250000 |

राधेश्याम चौधरी
अध्यक्ष

| | | |
|---|---|---|
| 18. | वालक्लव सुशासन सम्वन्धी विविध कार्यक्रम | 300000 |
| 19. | भैपरी आउने चालु खर्च (चोरी,निकासी वापत राजश्व उठाएको प्रोत्साहन रकम) | 5600 |
| 20. | वालक्लवलाई उद्घोषण तालिम | 150000 |
| 21. | आवधिक गुरुयोजना निर्माण | 500000 |
| 22. | खेलकुद विकास कार्यक्रम | 365000 |
| 23. | पत्रकार महासंघलाई क्षमता अभिवृध्दि तथा तालिम सञ्चालनको लागी अनुदान | 50000 |
| 24. | वालहिंसा न्युनिकरण वर्ष २०७६/०७७ मनाउन | 100000 |
| 25. | पोषाक | 320000 |
| 26. | आलु पकेट निर्माण (७०;३० लागत साझेदारी ) | 100000 |
| 27. | महिलाको लागी आयआर्जममुखी सिपमुलक तालिम सञ्चालन | 300000 |
| 28. | महुरी पालन तालिम तथा घार वितरण(घार वितरणमा ५०% अनुदान) | 150000 |
| 29. | कानुनी परामर्श खर्च | 200000 |
| 30. | सफल विद्यालयको अवलोकन भ्रमण अनुदान | 100000 |
| 31. | सामि परियोजना कार्यक्रम | 300000 |
| 32. | वार्षिक कार्ययोजना कार्यशाला अनुदान | 50000 |
| 33. | हरियो मल ढैचा विउ वितरण तथा प्रवर्धन | 100000 |
| 34. | सवारी साधन मर्मत खर्च | 300000 |
| 35. | जम्मा | 14271000 |
| 36. | महंगी भत्ता | 310000 |

राधेश्याम चौधरी
अध्यक्ष

संशोधन पश्चात वन्ने नया योजना

| सि.नं. | संशोधन पश्चात वन्ने नया योजना/कार्यक्रमको नाम | रकम |
|---|---|---|
| 1. | विपद व्यवस्थापन | 100000 |
| 2. | कोरोना हजार्ड भत्ता | 3000000 |
| 3. | नदिजन्य पदार्थको चोरी निकासीवाट प्राप्त आम्दानीको ३०% प्रोत्साहन | 56000 |
| 4. | गाउघर क्लिनिक र फिल्डमा काम गरेवापत यातायात खर्च | 50000 |
| 5. | कोरोना भाईरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष खर्च | 11065000 |
| 6. | अन्य संस्थालाई वस्तुगत सहायता | 400000 |

राधेश्याम चौधरी
अध्यक्ष

प्रस्ताव न . ५ - वैंक खाता वन्द गर्ने सम्वन्धमा

निर्णय नं. ५ - प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस गाउकार्यापलिकाको मिति २०७७/०१/२१ गतेको निर्णयअनुरुप कोरोना भाईरस रोकथाम नियन्त्रणका लागी गाउपालिकाको नाउमा ग्लोवल आई एम ई वैंकमा कोरोना भाईरस रोकथाम नियन्त्रण तथा उपचार खाता सञ्चालन गरिएकमा उक्त खाता सञ्चालन गर्न नमिल्ने एवं सो प्रयोजनार्थ राष्ट्रिय वाणिज्य वैंकमा साविकमै रहेको खातावाट सञ्चालन गर्नुपर्ने माथिल्लो निकायवाट परिपत्र भई आएकोले हाललाई उक्त खाता वन्द गर्ने र सो कोषमा रहेको सम्पुर्ण रकम यस पालिकाको नाउमा रहेको राष्ट्रिय वाणिज्य वैंकको विपत व्यवस्थापन अन्तर्गत कोरोना रोकथान नियन्त्रण तथा उपचार कोषमा जम्मा गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ - प्रदेश सरकार विशेष अनुदानको रकम कार्यान्वयन सम्वन्धमा

निर्णय नं. ६ - प्रस्ताव नं. ६ उपर छलफल गर्दा प्रदेश सरकारवाट यस गाउपालिकाको लागी स्विकृत सिंचाई गर्न तालतलैया संरक्षण एवं सरसफाई गर्ने कार्य १ देखी ७ सम्म रु १५ लाखको कार्यक्रम कार्यान्वयन गर्नको निमित्त हाललाई वडा नं. १,२,३ र ४ को उपयुक्त स्थानमा विनियोजन गरी त्यस क्षेत्रमा रहेका तालतलैयालाई सरसफाई गरी संरक्षण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ - विद्युतिकरणमा भएको कार्य अनुमोदन सम्वन्धमा

निर्णय नं. ७ - प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस सरावल गा.पा वडा नं. ६ वट्सारदेखि महेशपुर लाईनमा विद्युतिकरणको लागी यस आवश्यक रहेको ठानी विद्युत प्राधिकरण परासीसंग समन्वय गरी ईस्टिमेट गर्न लगाई निजहरुको ईस्टिमेट वमोजिम कार्य गर्न उपभोक्ता समिति गठन गरिएको र उक्त उपभोक्ता समितिसंग सम्झौता गरीएको साथै मुल्यांकन गर्न समेत विद्युत प्राधिकरणसंग सहकार्य गरिने गरी कार्य सुरु गरिएको व्यहोरा वैठकमा जानकारी गराईयो एवं कार्यालयको निर्णयमा भएको उक्त कार्य आवश्यक एवं उपयुक्त रहेको ठहर गर्दै अनुमोदन गर्ने निर्णय गरियो ।

राधेश्याम चौधरी
अध्यक्ष